बैठक नं. ७/(२०८०-२०८१)/

आज मिंति २०८० साल पौष २६ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत 2080/9/25 | 2080/9/26 |
|---|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष | | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | | |
| १२ | श्री ~~बल बहादुर राना~~ भिमबहादुर कार्की | का.वा. वडा अध्यक्ष | | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष | | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | | |
| २४ | श्री दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | | |
| | | आमन्त्रित | | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | | |
| २६ | अनिश शाह | अधिकृत | | |
| २७ | सुधा हमाल | अधिकृत | | |
| २८ | प्रकाश बटाला | अधिकृत | | |
| २९ | सुर्य प्रसाद लम्साल | सूचना अधिकृत | | |
| ३० | राजेन्द्र बहादुर कठायत | लेखापाल | | |
| ३१ | कृति ब. थापा | ना.सु | | |
| ३२ | रतन दमाई | ,, — ,, | | |
| ३३ | श्रवण कु. शर्मा | सा.लो.प. | | |
| ३४ | केदार ब. कार्की | खरिदार | | |

निर्णयहरु:

१. नेपाल सरकार राष्ट्रिय योजना आयोगबाट आगामि आ व २०८१।८२ को लागि संघीय समपुरक अनुदान तथा संघीय बिशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रम संचालनका लागि २०८० माघ मसान्तभित्र प्रस्तावना पेश गर्न सूचना जारी भएकोले प्रस्तावना तयार गरी संघीय सरकारमा पेश गर्न तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गरी सिफारिस गर्न सभामा पेश गर्ने:

तपसिल:

**समपुरक अनुदान तर्फ:**

- नगर अस्पताल वडा नं ७ स्याउली — रु १ करोड
- रानागाउँ नेटीबजार मेलटाकुरी वडा नं ४ ६ ७ — रु १ करोड
- बजार क्षेत्रको ढल व्यवस्थापन वडा नं ३ र ४ — रु १ करोड
- बसपार्क निर्माण वडा नं ३ थाप्लेचौर — रु ५० लाख

**बिशेष अनुदान तर्फ:**

- बालमैत्री नगर घोषणा अभियान — रु ५० लाख
- फोहर मैला व्यवस्थापन वडा नं ३ र ४ — रु २ करोड
- मुलखोला देखि बुरुङ्गे खानेपानी — रु १ करोड ६० लाख
- नमूना एकीकृत बस्ती विकास कार्यक्रम वडा नं १ कालेगाउँ रावतगाउँ मैदे रु २ करोड
- नमूना एकिकृत बस्ती विकास कार्यक्रम वडा नं ११ कटीगाउँ — रु २ करोड
- स्वास्थ्य चौकी भवन निर्माण वडा नं २ — रु १ करोड ५० लाख
- डाप्का खेलकुद कभर्डहल निर्माण वडा नं ५ — रु १ करोड
- जगतिपुर माथि बाहुनगाउँ खानेपानी योजना निर्माण वडा नं ११ — रु १ करोड
- सेराखोला तटबन्धन वडा नं — रु ५० लाख

२. यस चालु आ. व. २०८०।८१ मा संचालनका लागि स्वीकृत भएका तर विभिन्न प्राविधिक कारणले संचालन हुन नसकेका तपसिलमा उल्लेखित वडा तथा विषयगत शाखाका बजेट तथा कार्यक्रम संशोधनका लागि नगरसभामा पेश गर्ने:

कृषि तर्फ

| सि न | स्वीकृत कार्यक्रम | स्वीकृत बजेट | संशोधित कार्यक्रम | संशोधित बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपमेयर संग कृषि तथा पशुपीं बीमा कार्यक्रम | १५००००० | उपमेयर संग कृषि तथा पशुपीं बीमा कार्यक्रम | ४००००० | विनियोजन ऐन २०८० को अनुसूची १ को दफा २ संग सम्बन्धित उपदफा (१) खण्ड (क) को कार्यक्रम नं २ संग सम्बन्धित |
| २ | | | आकस्मीक बाली संरक्षण सेवा कार्यक्रम | १५०००० | |
| ३ | | | हिउँदे तरकारीको बीउबिजन कार्यक्रम | १५०००० | |
| ४ | | | भुकम्प प्रभावित क्षेत्रमा मौरीमा भएको क्षतिको लागि ७५% अनुदानमा मौरी घार लगाएत अन्य सामाग्रीहरु वितरण सहयोग | १५०००० | |
| ५ | | | खोप कार्यक्रम पिपआर र रेविज (विशेष खोप अभियान) | ३०००० | |
| ६ | | | खोरेत भ्याक्सीन अभियान संचालन खर्च | ६०००० | |
| ७ | | | पशुचौपायको संक्रामक रोगको नियन्त्रणको लागि औषधी सामाग्री तथा प्राविधिक खर्च | ३१०००० | |
| ८ | | | आर्थिक विकास समिति अन्तर्गत कृषि तथा पशुपंछी फार्म र प्राविधिक विषयक अन्तरजिल्ला,अन्तरक्रिया/अध्ययन अवोलोकन कार्यक्रम | २५०००० | |
| ९ | किसान सूचीकरण कार्यक्रम | १५०००० | कृषि कार्यक्रमको अनुगमन,मुल्याङ्कन र कार्यक्रम संचालनार्थ बैठक तथा सूचना प्रकाशन खर्च | १५०००० | |
| ९ | जम्मा | ३०००००० | | ३०००००० | |

पशुपंछि तर्फ

| सि नं | स्वीकृत कार्यक्रम | विनियोजित बजेट | संशोधित कार्यक्रम | संशोधित बजेट |
|---|---|---|---|---|
| १ | विश्व रेबिज दिवस | ६०००० | पिपिआर,रेविज,खोरेत लगाएतका खोपको लागी आवस्यक पर्ने सिरीन्ज निडिल,मास्क, ग्लोब, लगाएतका खोप सामग्री खरीद | ६०००० |

स्वास्थ्य तथा बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ

| स्वास्थ्यका कार्यक्रम | | | |
|---|---|---|---|
| क्र.स. | स्वीकृत कार्यक्रम | बजेट | संशोधित कार्यक्रम |
| १ | स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको चौमासिक बैठक | रु.३,००,०००। (अक्षरुपी तिन लाख रुपैया मात्र) | स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुको अर्धवार्षिक समिक्षा तथा RDQA (Routine Data Quality Assessment) कार्यक्रम संचालन |
| बहुक्षेत्रिय पोषण कार्यक्रम | | | |
| २ | नगरपालिकाको सार्वजनिक स्थानहरुमा पुर्ण स्थनपान, पुरक खाना असल खानपानको लागि सिफारीस गरीएका व्यहारहरु सम्बन्धि सन्देशहरु लेखिएका होडिङ बोर्ड वितरण । | रु.१,७१,०००।(अक्षरुपी एक लाख एकत्तर हजार रुपैया मात्र) | १. स्थानीय एफ.एम. रेडियोबाट परम्परागत खाघ बस्तुमा आधारीत पोषण युक्त आहाराको तयारी विषयमा सुचना प्रसारण गर्ने ।=रु.१५,०००।<br>२. पोषण मैत्रि वडामा धुवारहित घर धुरीकोलागि फलामे चुलो वितरण कार्यक्रम संचालन गर्ने । =रु.१,५६,०००। |

शिक्षा तर्फ

| क्र. स | वजेट | स्वीकृत कार्यक्रम | संशोधित वजेट | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७००००० | नगर शिक्षक अनुदान | १०००००० | राष्ट्रपती रनिङ्गसिल्ड तथा मेयरकप प्रतियोगिता (पालिका तथा जिल्ला स्तरिय) | |
| २ | ३००००० | राष्ट्रपती रनिङ्गसिल्ड तथा मेयरकप प्रतियोगिता | | | |

कार्यालय सञ्चालन तथा प्रशासनीक तर्फ

| क्र. स | वजेट | स्वीकृत कार्यक्रम | संशोधित वजेट | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २२४१९३१ | हाते औजार तथा सुरक्षा सामाग्रि खरिद | २२४१९३१ | कार्यालयका शाखाहरुको फाईल व्यवस्थापनका लागि र्याक तथा फर्चिचर निर्माण | |

वडा नं ४ को संशोधित कार्यक्रम तथा वजेट

| सि.नं. | योजनाको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | राधाकृष्ण मन्दिर हुँदै दरवार पदमार्ग | भे.वडा नं.पा.न. ४ | २,००,०००। | |
| २ | बुढि आबाट नाउला कालिका मन्दिर सम्म पदमार्ग.वि. | भे.वडा नं.पा.न. ४ | २,००,०००। | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३ | जनक पुस्तकालय काजीवाडा सडकवाट पुरानो शिक्षा कार्यालय काजीवाडा सम्म पदमार्ग | भे.वडा नं.पा.न. ४ | २,००,०००। | |
| ४ | रेडक्रस देखी रानागाउँ गैरीखाली सडकको नेपाल दुर सन्चार प्राधिकरण पोल सम्म रेलिङ्ग निर्माण | भे.वडा नं.पा.न. ४ | २००००० | |
| ५ | राम मन्दिर निर्माण (समपुरक) | भे.वडा नं.पा.न. ४ | २,००,०००। | |
| ६ | मष्टा मन्दिर निर्माण/घेरावार (फुलवारी) | भे.वडा नं.पा.न. ४ | २५००००। | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ |
| ७ | गिमिरे गाडी वाटो निर्माण | भे.वडा नं.पा.न. ४ | २,५०,०००। | |
| ८ | समपुरक कोष | भेरी नगरपालिका | ५,००,०००। | |
| | जम्मा | | २०,००,०००। | |

वडा नं ६ को संशोधित कार्यक्रम तथा वजेट

| क. स | समपुरक वजेट | विनियोजन योजनाको नाम | वितिय समानिकरण बजेट रु. | प्रधानमन्त्री रोजगारबाट विनियोजित बजेट रु. | जम्मा विनियोजन बजेट रु. |
|---|---|---|---|---|---|
| १ | १०,००,००० | भावना स्मृति प्रतिक्षयालय, नेटाबजार | १,००,००० | १,९०,००० | २,९०,००० |
| २ | | कुटि भैयार मन्दिर निर्माण, गंगाटिया | ५०,००० | १,५५,००० | १,०५,००० |
| ३ | | वर्मा मन्दिर निर्माण, आरिडाब | ५०,००० | १,५५,००० | २,०५,००० |
| ४ | | आवश्यक स्थान तथा योजनाहरुमा खानेपानी पाइप वितरण | १,००,००० | - | १,००,००० |
| ५ | | पैयाखर्क खानेपानी निर्माण | २,००,००० | - | २,००,००० |
| ६ | | वर्मा मन्दिर निर्माण, बबियार | १,००,००० | - | १,००,००० |
| ७ | | टिमुरे गैरे, यहुद खा. पा. निर्माण | १,५०,००० | - | १,५०,००० |
| ८ | | उत्तिसेनी थापागाउँ खा. पा. निर्माण | १,००,००० | - | १,००,००० |
| ९ | | पिपलडाँडा आश्रममा शिवमूर्ति निर्माण | १,००,००० | - | १,००,००० |
| १० | | तल्लो जुगेपानी खा. पा. मर्मत | ५०,००० | - | ५०,००० |
| जम्मा रु. | | | १,००,००० | ५,००,००० | १५,००,००० |

वडा नं ७ को संशोधित कार्यक्रम तथा वजेट

| क. स | वजेट | स्वीकृत कार्यक्रम | संशोधित वजेट | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १००००० | दिगो विकास मुल समिति का महिलालाई आय आर्जन वडा नं ७ | ७०००० | विहानी कृषक समुह (बाख्रा पालन कार्यक्रम) | |
| २ | | | १५००० | महिला लक्षित कार्यक्रम | |
| ३ | | | १५००० | बालबालिका लक्षित कार्यक्रम | |
| ४ | ७००००० | वडा कार्यालय व्यवस्थापन फिल्ड निर्माण (७०००००) तथा रेडक्रस भवन मर्मत(१०००००) वडा नं ७ | ६००००० | वडा कार्यालयको तला थप | |
| ५ | | | १००००० | वडा कार्यालयको खर्च नभएर जाने सामाग्री खरिद | |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | | | ११२४००० | वडा कार्यालय निर्माणको भुक्तानी हुन बाकी रकमबाट वडा कार्यालयको तला थप | |

वडा नं ११ को संशोधित कार्यक्रम तथा वजेट

| क. स | वजेट | स्वीकृत कार्यक्रम | संशोधित वजेट | संशोधित कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५००००० | गहातेरी टाकुरेगैरा अधुरो सडक निर्माण वडा नं ११ | ५००००० | खतेनीको बाँझाबाट आवर सडक | |

वडा नं १२ को संशोधित कार्यक्रम तथा वजेट

| क. स | वजेट | विनियोजन योजनाको नाम | संशोधित वजेट | संशोधित कार्यक्रम | जम्मा विनियोजन बजेट रु. |
|---|---|---|---|---|---|
| १ | ४,००,००० | वडा कार्यालय व्यवस्थापन | २,००,००० | विस्मेचौर बालुमेला सडक | |
| २ | | | २,००,००० | नाउला पातेहाल्न सडक निर्माण | पुरानो योजना ४ लाख गरि जम्मा ६ लाख |
| ३ | ४००००० | महिला बालबालिका जेष्ठनागरिक युवा तथा सुशासनको लागि वडा नं १२ | २,००,००० | खनारा डाँडा पाखा बर्सिना सम्म सडक निर्माण | |
| ४ | | | २,००,००० | चिसा खोली बेलगार देखि माझगाउ सम्म सडक निर्माण | |

३. नगरपालिकाबाट प्रवाह हुने सेवा तथा कार्यक्रमलाई व्यवस्थित एवं प्रभावकारी रुपमा संचालन गर्न विषयगत समितिहरुबाट पारीत भई आएका तपसिल बमोजिमका नीति अख्तियार गरी सो बमोजिम कार्यक्रम तर्जुमा तथा कार्यान्वन गर्न नगरसभामा सिफारिस गर्ने ।

तपसिलः

क. वन, वातावरण तथा विपद व्यवस्थापन समिति

| क्र स | प्रस्ताव तथा विषयहरु | प्रस्तावित बजेट कार्यक्रम क्षेत्र | प्रस्तावित बजेट | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुकम्प पछि यस नगरपालिकालाई सहयोग गर्ने,नागरिकहरुलाई उद्धार,राहत लगायत अस्थायी आवास निर्माण, TLC, खानेपानी ,शिक्षा ,स्वास्थ्य लगायतका विभिन्न क्षेत्र तथा योजना निर्माणमा सहयोग गरी योगदान पुर्याउने सबै दातृनिकाय ,सहयोगी संस्था अन्तराष्ट्रिय –राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था व्यक्ति,समुहहरुलाई धन्यवाद यापन गर्दै सम्मान पत्र प्रदान गर्ने। | राष्ट्रिय तथा अन्तराष्ट्रियस्थानीय गैरसरकारी संस्था व्यक्ति,र समुहहरु | रु १,५०,००० | नगरपालिका | माघ महिना भित्र |
| २ | यस नगरपालिका र सबै वडाहरुमा विपद न्युनिकरण तथा जोखिम व्यवस्थापन प्रतिकार्य कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न आवश्यक उद्धार सामाग्री (EMARGENCY KIT BOX)सबै वडा तथा पालिकामासाथै कोषको व्यवस्थापन गर्ने । | सबै वडा (१ देखि १३) र नगरपालिका | रु १४,००,००० कोष रु १०,००,००० सामाग्री | नगरपालिका र गोर्खा वेलफेयर ट्रष्ट नेपाल | सभाबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वडा तथा पालिका स्तरीय विपद न्युनिकरण तथा जोखिम व्यवस्थापन प्रतिकार्य योजना बनाउन र आवश्यक तालिमको लागी आवश्यक बजेट तथा कार्यक्रमको लागी समन्वय गर्ने। | सबै वडा (१ देखि १३) र नगरपालिका | ५,००,००० | गोर्खा वेलफेयर ट्रष्ट नेपाल | माघको तेस्रो हप्ता |
| ४ | पालिका भित्रका बजार क्षेत्रहरुमा फोहोर व्यवस्थापन तथा सरसफाई कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नको लागी फोहोर संकलन सामाग्री (वाल्टी) सबै घरमा पुग्ने गरी व्यवस्था गर्ने साथै सरसफाई सम्बन्धी अभियान संन्चालन गर्ने | सबै वडा (१ देखि १३) र नगरपालिका | ५,००,००० | नगरपालिका | चैत्र महिना भित्र |
| ५ | भुकम्प पश्यात नागरिकको सेवामा खट्टिनु भएका सबै जन प्रतिनिधि तथा राष्ट्र सेवक कर्मचारीहरुलाई उच्च मुल्याङ्कन गर्दै प्रोत्सान र सम्मान गर्नको लागी सभामा सिफारीस गर्ने । | भेरी नगरपालिका अन्तरगत रहेका | | नगरपालिका | सभाबाट |
| ६ | बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्नको लागी DPR सहितको नमुना योजना बनाउनको लागी प्रदेश तथा संघिय सरकारमा प्रस्ताव तयार गरी पठाउने साथै बजार र समुदायमा उत्पादन भएका फोहोरको वर्गीकरण गरी (फोहोरबाट मोहोर) जैविक मल उत्पादन गर्नको लागी आवश्यक योजना तथा कार्यक्रम तयार गर्ने। | भेरीनगर पालिका वडा न. ३, ४ र १३ बजार क्षेत्र | ३ करोड | प्रदेश तथा संघ | सभाबाट |
| ७ | वन अतिक्रमण रोकथाम, तथा वातावरण संरक्षणको लागी विभिन्न निकायसंग समन्वय र सहकार्य गर्ने। | सबै वडा(१देखि१३) र नगरपालिका | १५०,००० | नगरपालिका | माघ देखि |
| ८ | पालिका स्तरिय विपद व्यवस्थापनका लागी नगरपालिका स्तरिय स्वयँम सेवकदल गठन तथा परिचालन गर्ने | सबै वडा(१देखि१३) र नगरपालिका | ३,००,००० | नगरपालिका | फाल्गुन महिना सम्म |

**ख. सुशासन तथा संस्थागत विकास समिति**

निर्णयहरु:-

१. नेपालको संविधान, प्रचलित संघीय , प्रदेश तथा स्थानीय कानून बमोजिम जनतालाई प्रत्याभूत भएका सार्वजनिक सेवामा सुशासन कायम गर्न संघीय शासन व्यवस्थाको मर्म तथा जनताको सबैभन्दा नजिकको सरकार भएकाले सेवा प्रवाह प्रभावकारी बनाई जनताका दैनिक जनजीवनलाई सहज बनाउन सेवा प्रवाहलाई निरन्तर अनुगमन, परिमार्जन तथा सूचना प्रविधिमा आधारीत वनाई परिस्कृत बनाउन सार्वजनिक सेवा प्रवाहको मापदण्ड निर्माण गरि कार्यान्वयनमा ल्याउनु पर्ने ।

२. सार्वजनिक स्थलमाहरुमा हुने अतिक्रमण र सो अतिक्रमण बाट नागरिकमा पर्न जाने असर कम गर्न सार्वजनिक अतिक्रमण रोक्ने र अतिक्रमण गर्ने लाई उचित जरिवानाको व्यवस्था गर्ने ।

३ पारदर्शिता, जवाफदेहीता र शुसासन कायम गर्न मासिक,चौमासिक तथा बार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने ।

४. नगरपालिका , मातहतका कार्यालय , वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सबै विद्यालयहरुमा E - हाजिरी को प्रयोगलाई लागु गर्नुपर्ने, नागरिक वडापत्रको निर्माण गरी प्रयोगमा ल्याउनुपर्ने तथा त्यसको अद्यावधिक गर्नुपर्ने ।

५. नगरपालिकामा रिक्त भएको दरबन्धी प्रदेश लोकसेवा आयोगमा माग गर्ने र दरबन्धि रिक्ततता लाई पूर्ती गरी कार्यालयले प्रवाह गर्ने सेवाको सुनिश्चितता गराउने ।

६ नगरपालिकाले निर्माण गरेको O&M लाई तत्काल कार्यान्वयनमा ल्याउने ।



CamScanner

७. हरेक ६/६ महिनामा नागरिक सन्तुष्टी सर्वेक्षण गर्ने र नागरिक बाट प्राप्त गुनासो सम्बोधनको लागि सोही बमोजिमको क्रियाकलाप गर्ने / गराउने ।

८. हरेक बर्ष बजेट सभा अगावै सबै विषयगत समितिको संयोजक तथा सदस्य सचिव परिवर्तन गर्ने नीतिको कार्यान्वयनको लागि कार्यपालिकामा प्रस्तव गर्ने ।

९. असारे व्यापक बजेट खर्च प्रवृतीलाई हटाउदै हरेक चौमासिकमा सन्तुलित रुपमा बजेट खर्च हुने गरी प्रणालीको विकास गर्ने ।

१०. पूजिगत खर्च शिर्षक वजेटबाट चालु प्रकृतिका खर्च लेख्न नपाईने ।

ग. आर्थिक विकास समिति

१. भेरी नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को लागि कृषि तथा पशुपंछी विकास क्षेत्रतर्फको १३ वटै वडाहरुमा भौगोलिक संभाव्यता र प्राविधिक दृष्टिकोणले उपयुक्तताको आधारमा तपसिलमा उल्लेखित एक वडा एक कृषि तथा पशुपंछी उत्पादन कार्यक्रमहरु स्थानीय तह, प्रदेश सरकार र संघ सरकारको विशेष अनुदान तथा विविध अन्य कार्यक्रममा समावेश गरिदन अनुरोध गरि पठाउन नगर सभामा पेश गर्ने।

कृषि तर्फः

| वडा नं | कार्यक्रमको नाम | कार्यक्रम माग गर्ने निकाय |
|---|---|---|
| १ | व्यवसायिक मौरीपालन र तरकारी पकेट क्षेत्र विस्तार | संघ प्रदेश र स्थानीय सरकार |
| २ | सुन्तलाजात फलफुलको बगैंचा स्थापना,क्षेत्र विस्तार तथा बगैचा सुदृढिकरण र तरकारी बीउ उत्पादन कार्यक्रम | |
| ३ | खाद्यान्न बालीको बीउ उत्पादन कार्यक्रम | |
| ४ | व्यवसायिक तरकारी तथा केरा खेति, र कफी विकास कार्यक्रम | |
| ५ | व्यवसायिक तरकारी तथा केरा खेति विकास कार्यक्रम | |
| ६ | सुन्तलाजात फलफुल, बेमौसमी तरकारी, तरकारी बीउ र बीउ आलु उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | |
| ७ | मकैबाली रैथानेबालीको बीउ उत्पादन र भण्डारण को प्रवर्द्धन कार्यक्रम | |
| ८ | भटमास तथा खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | |
| ९ | सुन्तलाजात फलफुल, रैथाने तथा दलहन बाली प्रवर्द्धन | |
| १० | सुन्तलाजात फलफुल,आँप/लिचि र बदाम खेति प्रवर्द्धन कार्यक्रम | |
| ११ | तरकारी तथा खाद्यान्न पकेट क्षेत्र विस्तार | |
| १२ | तरकारी तथा खाद्यान्न पकेट क्षेत्र विस्तार | |
| १३ | खाद्यान्न,दलहन, तथा तेलहन बालीको क्षेत्र विस्तार | |

पशुपंछी विकास तर्फः

| क.सं. | योजना तथा कार्यक्रम | संख्या | कार्यक्रम गरीने वडा |
|---|---|---|---|
| १ | बाख्रा श्रोत केन्द्र स्थापना | ५ | १,२,४६,७, |
| २ | दुग्ध प्रर्वधन तथा भैसीपालन | ३ | ३,५,१२, |
| ३ | स्थानी कुखुरा पालन | ४ | ४, ५,१०, १३, |
| ४ | बिशिष्ट जातका पंन्छी तथा पशुपालन | ३ | ८,९,११ |
| ५ | साना पशु तथा पंछीको ब्यबस्थित बधस्थल निर्माण तथा मासु पसल स्थापना | ५ | १,३,४,१०,१३ |



CamScanner

२. भेरी नगरपालिकाको विनियोजन ऐन २०८० को अनुसूची १ दफा २ संग सम्बन्धित उपदफा (५) को सुशासन तथा संस्थागत विकास समिति अन्तर्गत खण्ड (ख) को कार्यक्रम नं. ५ मा रहेको उद्यम विकास कार्यक्रम व्यवस्थापन तर्फ रु २ लाख बजेट विनियोजन भएको र २ लाख बजेट कार्यक्रम संचालनार्थ उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिकको लागि खर्च गर्नुपर्ने र उक्त बजेट पारिश्रमिकको लागि नपुग भएकोले सो नपुग रु ५६७८९६। अक्षरुपी रु पाँच लाख सतसट्ठी हजार आठ सय छयानब्बे। रुपयाँ मिति २०८०/०८/२४ गते उद्यम विकास समितिको निर्णय अनुसार उक्त सहजकर्ताको पारिश्रमिकमा खर्च हुने गरी यही नगर सभाबाट पारित गर्न यस समितिले नगर कार्यपालिकाको बैठकमा पेश गर्न सिफारिस गरि पठाउने निर्णय गरियो ।

३. भेरी नगरपालिकाको विनियोजन ऐन, २०८० को अनुसूची १ को दफा २ संग सम्बन्धित उपदफा (१) खण्ड (क) को कार्यक्रम नं ८ संग सम्बन्धित तपसिलको कार्यक्रम तथा बजेटलाई नगर सभाबाट संसोधन गर्नको लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने गरि सिफारिस गरि पठाउने निर्णय गरियो ।

तपसिल:

| सि न | आ व २०८०/८१ को लागि स्वीकृत भएको कार्यक्रम | स्वीकृत बजेट | संसोधन गर्नुपर्ने कार्यक्रम | कार्यक्रमको लागि संसोधन गर्नुपर्ने बजेट |
|---|---|---|---|---|
| १ | किसान सूचीकरण कार्यक्रम | १५०००० | कृषि कार्यक्रमको अनुगमन,मुल्याङ्कन र कार्यक्रम संचालनार्थ बैठक तथा सूचना प्रकाशन खर्च | १५०००० |
| जम्मा | | १५०००० | | १५०००० |

घ. पूर्वाधार विकास समिति

निर्णयहरु:

१. राष्ट्रिय भवन सहिता कार्यान्वयन कार्यविधी २०६० वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ तथा यस नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका २०७९ अनुसार सुरक्षित आवास तथा भुकम्प प्रतिरोधी घर निर्माण गर्नको लागी अनिवार्य नक्सा पास लिई पक्कि तथा कच्ची घर निर्माण गर्नहुन मिति २०८०/०७/१७ गतेको विनासकारी भुकम्पले भत्काएर तहसनहस बनाएका संरचनाहरु निर्माण गर्न स्थानीय नगरबासीको समस्या तथा माग यस पालिकाको भौगोलिक अवस्थालाई ध्यानमा राखी तपसिलमा उल्लेखित मापदण्डहरु कायम रहने गरी भवन निर्माण वाइलोज संशोधन गर्न नगर सभामा प्रस्ताव पेश गर्ने।

तपसिलका वुदाँहरु

क. नगरपालिका अन्तर्गत अब निर्माण हुने सडकहरुको क्षेत्राधिकार ८ मिटर र सेटब्याक १.५ मिटर कायम रहने ।

ख. घोरेटो बाटोहरु क्षेत्राधिकार २ मिटर र सेटब्याक ०.५ मिटर कायम रहने ।

ग. भेरी नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका २०७९ को दफा ६४ को उप दफा २ मा मिश्रत भवनको हकमा सटर राख्ने खण्ड तर्फ न्यूनतम सेटब्याक २.५ भएकोमा भौगोलिक जटिलताको कारण २ मिटर कायम गर्ने ।

घ. भेरी नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका २०७९ को दफा ५५ को उप दफा २ र ३ मा उल्लेखित ३ आना तोकिएकोमा यस नगरपालिकाको भौगोलिक अवस्थालाई मध्यनजर गर्दै २ आना जग्गा भन्दा माथी नक्सा पास लिई घर निर्माण प्रक्रिया अगाडी बढाउने।

ङ. वर्षादको पानी सोझौ ढलमा नमिसाई Rain Water Harvesting को प्रविधी अपनाई जमिनमुनी पानी पठाउने व्वस्था गराउने।

च. झ्याल ढोका बार्दली आदी राख्न परेमा कम्तीमा १ मिटर सेटब्याक छोड्नपर्ने ।

छ. नदिको छेउबाट कम्तीमा ४ मिटर सेटब्याक छोड्नु पर्ने ।

२ Structural डिजाइन चेकजाँच गर्ने जनशक्तिको व्यवस्थापनका लागी आवश्यक पहल गर्ने।

३ यस नगरपालिकाका सम्पूर्ण वडामा रहेका प्राविधिकहरु तथा सिकर्मी र डकर्मीलाई भुकम्प प्रतिरोधी घर निर्माणको लागी आवश्यक तालिम तथा अन्य कार्य प्रयोजनका लागी रु.१५०००००.पन्ध्र लाख _ बराबरको बजेट विनियोजनको गर्न ।



CamScanner

४. भवन निर्माणको डिजाइनमा जटिलता भै जाँच गर्ने प्राविधिकलाई थप विशेषज्ञको राय लिन पर्ने भएमा निजको अनुरोधमा डिजाइन चेकजाँच कार्यमा सघाउ पुर्याउन नगरपालिकाले एक प्राविधिक समिति गठन् गर्नुपर्ने ।

५. भुकम्प प्रतिरोधी घरहरुको निर्णयका लागी नयाँ बन्ने पक्की ढलान घर लगायत नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत नेपाल आवास पुनर निर्माण कार्यक्रमले निर्धारण गरेका भुकम्प प्रतिरोधात्मक घर निर्माणका १७ गोटा डिजाइन तथा ढाँचा बमोजिमका घरहरुमध्ये नागरिकको स्वेच्छा बमोजिम छनौट गरी कुनै एक प्रकारको घर निर्माण गर्ने गराउने कार्यलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

६. यस नगरपालिकाका स्थानिय सडकहरुलाई स्वामित्वमा कायम गर्नको लागी नापी नक्सामा लगत कट्टा गर्न गत नगरसभाबाट रु. १०००००० -दस लाख_ बजेट नगरसभाबाट विनियोजन गरी लगत कट्टा कार्य सुचारु तुरुन्त माग गर्ने।

७. जाजरकोट जिल्लाको रामिडाँडालाई केन्द्र विन्दु बनाई गएको विनासकारी भुकम्पको कारण भत्किएका र चर्किएर बस्न नमिल्ने घरहरु पुनःनिर्माणको गतिलाई तिव्र गुणस्तरिय र सर्वसुलभ बनाउन निर्माणमा प्रयोग हुने गिट्टी बालुवा उपलब्ध बनाई नगरपालिकाको आयमा पनि टेवा दिने हिसावले नगर क्रसर उद्योग सञ्चालन गर्न उचित बजेट व्यवस्थापन गर्न नगर सभा समक्ष पेश गर्ने ।

८. अटो रिक्सा सञ्चालनका लागी दर्ता प्रक्रिया अगाडी बढाउन निर्णयार्थ पेश गर्ने ।

९. यस भेरी नगरपालिका क्षेत्र भित्र निर्माणको हकमा हरेक सरकारी वा गैरसरकारी संघसंस्थाहरुले निर्माण गर्ने वा गराउने सम्पूर्ण भौतिक पूर्वाधारहरु नगरपालिकाको न्यूनतम मापदण्ड अनिवार्य रुपमा लागु गर्न वाध्यकारी हुनुपर्ने निर्णयार्थ पेश गर्ने ।

१०. पासागाड डोल्पा जिरो प्वाइन्ट देखि शान्तीचौतारा गैरीखाली हुदै पाँचकाटिया सम्मको सडकको हकमा सडकको क्षेत्राधिकार ८ मिटर र सेटब्याक १.५ मिटर निर्धारण गर्न निर्णयार्थ पेश गर्ने ।

११. भेरी नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका २०७९ को अनुसूची १० को क्र.स. १ २ र ३ मा रहेका सडकहरुको क्षेत्राधिकार ३ मिटर भएकोमा संशोधन गरि ४ मिटर तोक्न निर्णयार्थ पेश गर्ने ।

ङ. सामाजिक विकास समिति

- मिति २०८० कार्तिक १७ गते राती ११:४७ वजे गएको ६.४ रेक्टर स्केलको भुकम्प कारण शिक्षा, स्वास्थ्य र महिला वालवालिका तथा जेष्ठ नागरिक शाखाले तयार गरेको अभिलेखको आधारमा भौतिक तथा मानवीय क्षतिको अवस्था बारेमा जानकारी प्राप्त भयो ।
- यस नगरपालिका भित्रका उत्कृष्ट क्षमता भएका कम्तिमा २ जनालाई विद्यार्थीहरुलाई छात्रवृत्तिमा प्राविधिक स्नातक तह पढ्ने विद्यार्थीका लागि ५ वर्षसम्म ५० प्रतिशत लगानी नगरपालिकाले सहयोग गर्ने नितिगत व्यवस्था गर्न कार्यपालिकामा अनुरोध गर्ने।
- स्थानीय शिक्षा ऐन २०७४ को दफा नं ६१ उपदफा (१) अनुसार शिक्षा नियमावली वनाउन कार्यपालिकालाई अनुरोध गर्ने ।
- गैरसरकारी संघ संस्थाहरुसंग समन्वय गर्न नगरपालिकामा कार्यरत कर्मचारीहरुमध्ये एक जनालाई फोकल पर्सन तोक्नको लागि कार्यपालिकालाई अनुरोध गर्ने।
- नगरपालिकाको स्वास्थ्य नितिमा नगरपालिकामा रहेका गैरसरकारी स्वास्थ्य संस्था (Private Clinic) हरुलाई दर्ता प्रकृयामा ल्याउने तथा दर्ता गर्नकोलागि निर्देशिका बनाउने ।नगरपालिकाका स्वास्थ्य चौकीहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुले आफ्नो Private clinic खोल्न पाउने /नपाउने निर्णयकोलागि कार्यपालिका पेश गर्ने ।
- साझेदार संघ/संस्थामध्ये पहाडी क्षेत्र विकास अभियान (HRDC) अन्तरगतको पहुँच पहरियोजनामा आधारित बाल अनुदान पलसको रुपमा अभिभावकत्व कार्यक्रम सञ्चालन गर्ने गरि कार्यक्रम सहितको प्रस्तावना पेश गरेकोले आवश्यक निर्णयार्थ कार्यपालिकामा पेश गर्ने।

**गैसस समन्वय समिति तर्फ**

- भुकम्पपछि प्रभावित वडा र सवै नागरिकहरुलाई उद्धार,राहत लगायत अस्थायी आवास निर्माण ,TLC,खानेपाली ,शिक्षा ,स्वास्थ्य लगायतका विभिन्न क्रियाकलाप तथा योजना निर्माणमा सहयोग गरी योगदान पुर्याउने यस नगरपालिका भित्र कार्यरत सम्पूर्ण गै.स.स हरुलाई उच्च सम्मानका साथ स-धन्यवाद व्यक्त गरियो ।



CamScanner

- यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका आ –आफ्नो संरचनाले भए /गरेका सवै कार्यक्रमका गतिविधिहरु रिपोर्टिङ मार्फत जानकारी आदानप्रदान गरियो ।
- कार्यसम्पादनलाई नतिजा मुलक वराउन duplication लाई नियन्त्रण गर्न र समन्वयलाई प्रभावकारी वनाउन सुचना आदान प्रदानका लागी पालिका स्तरीय E-Coordination गै स स Group Formation निर्माण गर्ने पालिका स्तरिय गैसस समन्वय समितिको मासिक वैठक र अनिवार्य गर्ने र।
- पालिका भित्र कार्यक्षेत्र भएका सवै गैर सरकारी सस्था हरुले आ –आफ्ना नियमित कार्यहरु भुकम्पपछिका निशेष कार्यक्रम तथा आगमी कार्यक्रम सवै विवरणहरु Hand Copy र Soft Copy सहित आगामी वैठकमा अनिवार्य पेश गर्ने ।
- भुकम्पपछिको पुनरनिर्माण कार्यमा सवै दातृनिकाय ,सहयोगी संस्था अन्तराष्ट्रिय –राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्था हरुलाई अल्पकालिन रुपमा सौचालय निर्माण खानेपानी निर्माण /मर्मत भुकम्प प्रतिरोधि घर निर्माण गर्ने सिकर्मि ।/डकर्मि जनशक्ति निर्माण तालिम स्वास्थ्य तथा सरसफाई कार्यक्रम संचालनमा केन्द्रित रहन र दिर्घकालिन रुपमा रथायी आवास निर्माण,शिक्षा,स्वास्थ्य र खानेपानीका पूर्वधारहरु निर्माण गर्ने र प्रभावित नागरिकहरुको जिविको पार्जनका कार्यक्रमहरु (फलफुल खेति ,पशुपालन,कृषि उत्पादन ,कृषकको उत्पादन संकलन एवं वजारिकरण आदि कार्यक्रम )को तय एवं कार्यान्वयनमा केन्द्रित भै वजेट तथा कार्यक्रममा सहयोगी भुमीकामा रही योगदान पुर्याउन पालिकाको तर्फवाट हार्दिक आवाहन तथा अपिल गर्ने ।

४. गत वजेट सभाबाट अनुमानित भाडा दर आन्तरिक आय शिर्षकमा अनुमान प्रस्ताव पेश नभएको तर यस आर्थिक वर्षको पौष महिनाबाट सुचारु भएका २ वटा नगर बसबाट संकलन हुने दैनिक भाड़ा बापत मिति २०८०।०९।२४ गतेको राजश्व परामर्श समितिको निर्णय अनुसार प्रक्षेपण गरेको आन्तरिक आयको थप रकम रु ५२ लाख अनुमानी आयमा थप गरि निम्नानुसराका कार्यक्रम तथा वजेट स्विकृतका लागि पेश गर्ने ।

तपशिल

| क्स | अनुमानित वजेट | प्रस्तावित कार्यक्रम | स्विकृत वजेट |
|---|---|---|---|
| १ | ५२०००००० | नगर बसको ईन्धन खर्च | २५०००० |
| २ | | नगर बसका कर्मचारीहरुको पारिश्रमिक | ८००००० |
| ३ | | नगर बसको मर्मत सम्भार | ५००००० |
| ४ | | कार्यालयको प्रसाशनीक खर्च | ७५०००० |
| ५ | | नयाँ व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन | ५००००० |
| ६ | | राजश्व शाखामा डेस्टप र रङ्गिन प्रिन्टर | १५०००० |

५. यस नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि संघीय सरकार बिशेष अनुदान मार्फत चालु आ. व. २०८०।८१ मा संचालन गर्ने गरी रु ५० लाख स्वीकृत भई आएकोमा बालमैत्री नगर घोषणाका लागि आवश्यक क्रियाकलाप सहित सामाजिक बिकास समितिबाट तयार गरिएको तपसिल बमोजिमको कार्यक्रम स्वीकृतका लागि सभामा पेश गर्ने ।

बालमैत्री नगर घोषणाका लागि कार्यक्रम तथा बजेट

| क्रस | सुचक | क्रियाकलाप/ कार्यक्रम | वजेट | कहाँ | कहिले | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १ देखि १४ सम्म | महिला स्वास्थ्य स्वयं सेविका तथा आमा समुहलाई स्वास्थ्यका सुचकाबारेमा अभिमुखिकरण | ५००००० | वडा नं १,८,१२ र १३ मा | माघदेखि असारसम्म | स्वास्थ्य शाखा | |
| २ | | स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिहरु र कर्मचारीहरुसँग स्वास्थ्यका सुचकहरुबारे लेखाजोखा | ३००००० | वडा नं १,८,१२ र १३ मा | माघदेखि असारसम्म | स्वास्थ्य शाखा | |



CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई टुटि सहितको बाल्टि र साबुन वितरण | १२००० | वडा नं १,८ र १३ मा | माघदेखि असारसम्म | स्वास्थ्य शाखा | |
| ४ | MNH onsite coaching / PNC checkup गरेवापतको संचार खर्च | २३०००० | वडा नं १,८ र १३ मा | माघदेखि असारसम्म | स्वास्थ्य शाखा | |
| १५ | घटना दर्ता अभियान संचालन | १००००० | सबै वडामा | माघ मसान्तभित्र | पञ्जिकरण शाखा | |
| १६ | जोखिममा रहेका बालबालिकाहरुलाई पुनः स्थापना केन्द्र निर्माण तथा संचालन | ० | जाजरकोट | कार्तिक अन्तिम सातत | नगरपालिका | लागू औषध दुर्व्यसन कार्यक्रमबाट लगानी गर्ने |
| १७ | बालबालिकाहरुलाई बालविवाह सम्वन्धि अभिमुखिकरण | ७२००० | वडा नं १,८ र १३ मा | माघ फागुन | | |
| | धार्मिक गुरुहरुलाई बालविवाह नगराउने सम्वन्धि | ५०००० | नगरपालिकामा | माघ | | |
| १८ | किशोर,किशोरी समुह गठन र परिचालन | १००००० | वडा नं १,८ र १३ मा | चैत वैशाख | नगरपालिका र संघसंस्था/ | |
| | किशोरी शिक्षा | २००००० | वडा नं १, ८ र १३ मा | चैत बैशाख | | |
| २३ | विद्यालयहरुमा बालबालिकाहरुलाई शारारिक र मानसिक यातना कम गर्न शिक्षक,विस विद्यार्थीहरुलाई.व्या. अभिमुखिकरण गर्ने | ४००००० | सबै माध्यमिक विद्यालयमा | चैत मसन्त | | |
| ३१ | बाल क्लवहरुलाई समागी सहयोग (विद्यालय र समुदायमा) | १६०००० | वडा नं १,८ र १३ मा | माघ मसान्तभित्र | नगरपालिका | |
| | वडा स्तरिय वडा वाल अधिकार समिति गठन | ८५००० | वडा नं २,३,४,५,६,११ र १३ मा | माघ फागुन | नगरपालिका र संघसंस्था/ | |
| ४१ | बालभेला संचालन | १३०००० | वडा नं २,३,४,५,६,११ र १३ मा | चैत्र मसान्तभित्र | नगरपालिका र संघसंस्था/ | |
| ४८ | वडा तथा नगर पालिकामा स्तनपान कक्षको स्थापना तथा संचालन गर्ने | १००००० | वडा नं १,८ र १३ मा | असार मसान्तसम्म | | |
| २५ | प्रारम्भिक बालविकासका सहजकर्ताहरुलाई ३ दिने क्षमता विकास तालिम | ३००००० | ४५ वटै बाल विकास केन्द्रका सहजकर्ता | फागुन महिना | शिक्षा शाखा | |
| २९ | विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन लागि सामग्री वितरण | १५०००० | १,८ र १३ नं वडाका विद्यालयहरुमा | माघ महिना | नगरपालिका कार्यालय | |
| ३० | विद्यालयमा फोहर मैला विसर्जनका लागि डस्विन खरिद तथा वितरण कार्यक्रम | ६१००० | १,८ र १३ नं वडाका विद्यालयहरुमा | माघ महिना | नगरपालिका कार्यालय | |
| ४४ | अतिरिक्त कक्षा सञ्चालन कक्षा ६ - ) १० सम्म विद्यालयमाबालमैत्री, वातावरणमैत्री र विपत व्यवस्थापन( | २००००० | सबै वडाका आधारभूत (८-६) र माध्यमिक विद्यालय | माघदेखि असारसम्म | शिक्षा शाखा | |



CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | ३९ | बाल उद्यान सहितको बालमैत्री स्रोत केन्द्र सञ्चालन | १५००००० | वडा नं १,८ र १३ मा | असार मसान्तसम्म | नगरपालिका | |
| २१ | ४२ | स्थिति पत्र तयारी तथा प्रकाशन | १००००० | नगरपालिकामा | असार मसान्तसम्म | महिला वालबालिका शाखा | |
| २२ | ४७ | ब्रोसर पम्पिलेट स्टिकर आदि | ५०००० | विद्यालयहरुमा वितरण | माघ महिना | नगरपालिका कार्यालय | |
| २३ | | सरोकारवाला निकायहरुवाट अनुगमन तथा मुल्यांकन | १००००० | नगरपालिकाभित्र | माघदेखि असारसम्म | नगरपालिका कार्यालय | |
| २४ | | बालमैत्री वडा घोषणा कार्यक्रम | १००००० | वडा नं १,८ र १३ मा | असार मसान्तसम्म | नगरपालिका कार्यालय | |
| जम्मा | | | ५०००००० | | | | |

६. नगरपालिका क्षेत्रमा रहेका विशेष गरी विध्यालयमा अध्ययनरत युवाहरुमा लागु औषधको दुर्व्यसन बढिरहेको र यसको समयमै रोकथाम नियन्त्रण नभएमा भयावह रुप लिने अवस्था देखिएकोले यसको रोकथाम तथा नियन्त्रणका लागि विशेष अभियान आवश्यक परेको हुँदा संघीय तथा प्रदेश सरकारको विशेष अनुदानबाट चालु आ व २०८०।८१ मा रोकथाम तथा नियन्त्रणका कार्यक्रम संचालन गर्न रु १ करोड अख्तियारी स्विकृत भई आएकोले सबै सरोकारवालाहरुसंगको सहकार्यमा बस्तुगत रणनीति सहित प्रभावकारी कार्यक्रम समेटीएको कार्यक्रम कार्यान्वियनका लागि बिषयगत समितिबाट तर्जुमा गरिएको कार्ययोजना सहितको बजेट तथा कार्यक्रम तयार गरि कार्यान्वय गर्न कार्यालयलाई निर्देशन दिने नगर सभामा अनुरोध गर्ने।

७. चालु आ.व. २०८०।०८१ को हालसम्म विपद् व्यवस्थापन तर्फ भएको खर्च अनुमोदनका लागि नगर सभामा पेश गर्ने।

८. गत कार्तिक १७ गते गएको भुकम्पका कारण अतिरिक्त समयमा काम गरेका कर्मचारीहरुलाई काम अनुसारको प्रोत्साहन स्वरुप थप पारिश्रमिक प्रदान गर्न नगर सभालाई अनुरोध गर्ने ।

९. नगरपालिकाको सेवालाई थप व्यवस्थित प्रभावकारी एवं बैधानिक तवरले प्रवाह गर्न देहाय बमोजिमका विधेयकहरुको मस्यौदा छलफल तथा स्वीकृतिका लागि सभामा पेश गर्नेः

क. उपभोक्ता हित संरक्षण तथा बजार अनुगमन ऐन, २०८०
ख. एफ एम रेडियो व्यवस्थापन तथा संचालन ऐन, २०८०
ग. खानी तथा खनिज पदार्थ संरक्षण ऐन, २०८०
घ. भूमि व्यवस्थापन ऐन, २०८०

१०. गत आ.व.२०७९/८० को प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फको वडा नं १३ को मेलसोता देखि उपाध्यागाउँ सम्म सडक निर्माण योजनामा रु ९ लाख २४ हजार वजेट विनियोजन भई निर्माण कार्य सम्पन्न भएको तर उल्लेखित कार्यक्रमको कार्यविधि विपरित डोजर प्रयोग गरि कार्यसम्पन्न गरेको भनि उजुरी आएको कारण सो योजनाको उल्लेखित वजेट शिर्षकवाट भूक्तानि हुन नसकेको र कार्यपालिकाको मिति २०८०।५।३० को निर्णय नं ६ वमोजिम उक्त योजनाको श्रमिक समूह तथा वडा समितिवाट समेत सो योजनाको भूक्तानि छुट रकम भुक्तानिका लागि अनुरोध भई आएकोले प्राविधिकले गरेको मूल्यांकनका आधारमा रु ७ लाख ४९ हजार चालु आ.व. को स्वीकृत विनियोजन ऐनको गत वर्षका भूक्तानि दिन बाँकी वजेट शिर्षकमा विनियोजित वजेटबाट भूक्तानि गर्न स्विकृतिका लागि नगरसभामा पेश गर्ने ।

११. दृष्टिविहिन विध्यार्थीहरुका लागि वडा नं ६ मा संचालनमा रहेको विध्यालयमा अध्ययनरत विध्यार्थीहरु घर भाडामा बस्ने गरेकोमा गत असोज १७ गते गएको भुकम्पका कारण उक्त भवन चर्किन गई बसोबास गर्न उपयुक्त नभएकोले अस्थायी आवास निर्माण गरिदिन सामाजिक विकास कार्यालय जाजरकोटलाई सिफारिस गर्ने ।

१२. गत कार्तिक १७ गते गएको भुकम्पका कारण प्रभावित आम नागरिकहरुको राहतका लागि भवन नक्सा पासमा लाग्ने कुल राजश्व रकमको १० प्रतिशत छुट गर्न नगर सभामा पेश गर्ने ।



CamScanner